तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: १० संख्या: ०५ मिति: २०८३/०४/१५ गते

**भाग-२**

**तमानखोला गाउँपालिका**

## <u>तमानखोला गाउँपालिकामा करार सेवामा जनशक्ति व्यवस्थापन सम्बन्धी केही कार्यविधिलाई संशोधन गर्न बनेको कार्यविधि, २०८३</u>

प्रस्तावनाः तमानखोला गाउँपालिकाको कार्यालय वा अन्तर्गतका संस्थामा करार सेवामा कर्मचारी, नगर प्रहरी तथा शिक्षक भर्ना गर्ने कार्यमा गाउँपालिका भित्रका स्थायी बासिन्दालाई जातीय समुदायका आधारमा प्राथमिकता दिई मूल्याङ्कन तथा छनौट गरी करार सेवामा जनशक्ति व्यवस्थापनलाई समावेशी बनाउन तमानखोला गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७; तमानखोला गाउँपालिका नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८२ र गाउँपालिका करार शिक्षक, बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारी व्यवस्थापन कार्यविधि, २०७७ मा संशोधन गर्न आवश्यक भएकोले तमानखोला गाउँ कार्यपालिकाले यो "तमानखोला गाउँपालिकामा करार सेवामा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी केही कार्यविधिलाई संशोधन गर्न बनेको कार्यविधि, २०८३" स्वीकृत गरी जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "तमानखोला गाउँपालिकामा करार सेवामा

जनशक्ति व्यवस्थापन सम्बन्धी केही कार्यविधिलाई संशोधन गर्न बनेको कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. तमानखोला गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ मा संशोधनः**

मूल कार्यविधिको दफा ४ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः

"(३) उपदफा (२) बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा दफा ५ को समितिले मूल्याङ्कन गरी कर्मचारी छनौट तथा सिफारिस गर्नु पर्नेछः

(क) न्यूनतम् शैक्षिक योग्यता वापत -६० (साठी) अंक (विदेशी विश्वविद्यालयको हकमा त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा विशिष्ट श्रेणी -६० अंक, प्रथम श्रेणी -५५ अंक, द्वितीय श्रेणी -५० अंक, तृतीय श्रेणी -४५ अंक ।

(ख) कार्य अनुभव वापत -१० (दश) अंक (प्रमाणित हुने कागजातका आधारमा प्रति वर्ष २ अंक)

(ग) स्थानीय बासिन्दा वापत

(१) तमानखोला गाउँपालिकाको बासिन्दा भएमा -१० (दश) अंक (दलित -७ अंक, जनजाती -४ अंक, अन्य -२ अंक, महिलाको हकमा थप -३ अंक)

(२) बागलुङ जिल्लाको बासिन्दा भएमा -५ (पाँच) अंक (दलित -३.५ अंक, जनजाती -२ अंक, अन्य -१ अंक, महिलाको हकमा थप -१.५ अंक)

यस खण्ड बमोजिमको अंक प्राप्त गर्नको लागि उम्मेदवार सम्बन्धित गाउँपालिका वा जिल्लाको स्थायी बासिन्दा र सम्बन्धित समुदाय भित्रको व्यक्ति भएको व्यहोरा नियमानुसार प्रमाणित हुनु पर्नेछ ।)

(घ) लिखित परीक्षा (वस्तुगत प्रश्नपत्र) वापत -५० (पचास) अंक

(ङ) आवश्यकता अनुसार प्रयोगात्मक सीप परीक्षण ।

(च) अन्तर्वार्ता वापत -२० (बीस) अंक (यस खण्ड अनुसार अंक प्रदान गर्दा सामान्यतया न्यूनतम् चालिस प्रतिशत र अधिकतम् सत्तरी प्रतिशत अंक प्रदान गर्नु पर्नेछ । सो भन्दा कम वा बढी अंक प्रदान गरेमा कारण खुलाउनु पर्नेछ ।)"

**<u>३. तमानखोला गाउँपालिका नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८२ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ११ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः

"(४) अन्तिम नतिजा प्रकाशन गर्दा प्रहरी ऐनको दफा ११क को उपदफा (७) बमोजिम देहायको आधारमा मूल्याङ्कन गरी नगर प्रहरी छनौट तथा सिफारिस गर्नु पर्नेछः

(क) न्यूनतम् शैक्षिक योग्यता वापत -६० (साठी) अंक (विदेशी विश्वविद्यालयको हकमा त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा विशिष्ट श्रेणी -६० अंक, प्रथम श्रेणी -५५ अंक, द्वितीय श्रेणी -५० अंक, तृतीय श्रेणी -४५ अंक ।

(ख) स्थानीय बासिन्दा वापत

(१) तमानखोला गाउँपालिकाको बासिन्दा भएमा -१० (दश) अंक (दलित -७ अंक, जनजाती -४ अंक, अन्य -२ अंक, महिलाको हकमा थप -३ अंक)

(२) बागलुङ जिल्लाको बासिन्दा भएमा -५ (पाँच) अंक (दलित -३.५ अंक, जनजाती -२ अंक, अन्य -१ अंक, महिलाको हकमा थप -१.५ अंक)

यस खण्ड बमोजिमको अंक प्राप्त गर्नको लागि उम्मेदवार सम्बन्धित गाउँपालिका वा जिल्लाको स्थायी बासिन्दा र सम्बन्धित समुदाय भित्रको व्यक्ति भएको व्यहोरा नियमानुसार प्रमाणित हुनु पर्नेछ ।)

(ग) शारीरिक तन्दुरुस्ती वापत -१५ (पन्ध्र) अंक

(घ) लिखित परीक्षा (वस्तुगत प्रश्नपत्र) वापत -५० (पचास) अंक

(ङ) (ङ) अन्तर्वार्ता वापत -२० (बीस) अंक (यस खण्ड अनुसार अंक प्रदान गर्दा सामान्यतया न्यूनतम् चालिस प्रतिशत र अधिकतम् सत्तरी प्रतिशत अंक प्रदान गर्नु पर्नेछ । सो भन्दा कम वा बढी अंक प्रदान गरेमा कारण खुलाउनु पर्नेछ ।)"

**<u>४. गाउँपालिका करार शिक्षक, बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारी व्यवस्थापन कार्यविधि, २०७७ मा संशोधन:</u>** मूल कार्यविधिको दफा ४ को उपदफा (१) को पछाडि देहायको उपदफा (२) थपिएको छः

"(२) उपदफा १ बमोजिमको समितिले देहायको आधारमा मूल्याङ्कन गरी शिक्षक छनौट तथा सिफारिस गर्नु पर्नेछः

(क) न्यूनतम् शैक्षिक योग्यता वापत -६० (साठी) अंक (विदेशी विश्वविद्यालयको हकमा त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा विशिष्ट श्रेणी -६० अंक, प्रथम श्रेणी -५५ अंक, द्वितीय श्रेणी -५० अंक, तृतीय श्रेणी -४५ अंक ।

(ख) माथिल्लो शैक्षिक योग्यता वापत -५ (पाँच) अंक (एक तह माथिल्लो योग्यता -३ अंक र दुई तह माथिल्लो योग्यता -५ अंक)

(ग) कार्य अनुभव वापत -१० (दश) अंक (प्रमाणित हुने कागजातका आधारमा प्रति वर्ष २ अंक)

(घ) स्थानीय बासिन्दा वापत

(१) तमानखोला गाउँपालिकाको बासिन्दा भएमा -१० (दश) अंक (दलित -७ अंक, जनजाती -४ अंक, अन्य -२ अंक, महिलाको हकमा थप -३ अंक)

(२) बागलुङ जिल्लाको बासिन्दा भएमा -५ (पाँच) अंक (दलित -३.५ अंक, जनजाती -२ अंक, अन्य -१ अंक, महिलाको हकमा थप -१.५ अंक)

यस खण्ड बमोजिमको अंक प्राप्त गर्नको लागि उम्मेदवार सम्बन्धित गाउँपालिका वा जिल्लाको स्थायी बासिन्दा र सम्बन्धित समुदाय भित्रको व्यक्ति भएको व्यहोरा नियमानुसार प्रमाणित हुनु पर्नेछ ।)

(ङ) लिखित परीक्षा (वस्तुगत) वापत -१०० (एक सय) अंक

(च) लिखित परीक्षा (विषयगत) -१०० (एक सय) अंक

(छ) आवश्यकता अनुसार प्रयोगात्मक सीप परीक्षण ।

(ज) अन्तर्वार्ता वापत -२० (बीस) अंक (यस खण्ड अनुसार अंक प्रदान गर्दा सामान्यतया न्यूनतम् चालिस प्रतिशत र अधिकतम् सत्तरी प्रतिशत अंक प्रदान गर्नु पर्नेछ । सो भन्दा कम वा बढी अंक प्रदान गरेमा कारण खुलाउनु पर्नेछ ।)"

आज्ञाले,
अमित परियार
प्रमुख प्रशासकीय अधिकृत